नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

फोन ४२००३०९, ४२००२८१

पत्र संख्या:-

चलानी नं.:-

# प्रेश विज्ञप्ति

**२०७४।९।२३ गते आइतबार**

संविधानत: स्थानीय सरकारको रूपमा देशभर नगरपालिका तथा गाउँपालिका गरी ७५३ वटा स्थानीय तहहरू गठन भएका छन्। सबै स्थानीय तहको निर्वाचन सम्पन्न भै जनप्रतिनिधिहरूले आफ्नो जिम्मेवारी समेत सम्हालीसकेको अवस्था छ। स्थानीय तह सम्बन्धी फोकल मन्त्रालयको हैसियतले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय सरकार सञ्चालनको लागि क्षमता विकास गर्ने उद्देश्यले प्राय: सबै स्थानीय तहका प्रमुख उपप्रमुखलाई लक्षित गरी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिसकिएको छ, भने सम्बन्धित जिल्लामा नै गएर स्थानीय तह सञ्चालन एवं व्यवस्थापन सम्बन्धी तालिमहरू पनि सञ्चालन भैरहेको छ। हालसम्म अधिकांश स्थानीय तहहरूले चालू आ.व. को बजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयनको चरणमा पुगेका छन्, जसलाई उत्साहलाग्दो उपलब्धीका रूपमा लिन सकिन्छ। तर अझैपनि विभिन्न अस्पष्टता, अन्यौल र जटिलताको कारणले सबै स्थानीय तहले संविधानले परिलक्षित गरे अनुसार प्रभावकारी रूपमा काम गर्न नसकेको, सो सम्बन्धमा स्थानीय तहका आफ्नै विभिन्न गुनासाहरू रहेको र स्थानीय तहबाट सेवा प्राप्त गर्ने नागरिकहरूको पनि स्थानीय तहप्रति गुनासाहरू आइरहेका छन्। स्थानीय तहको व्यवस्थापन र प्रभावकारी सेवा सञ्चालनमा सहजीकरणको लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय सरकार सञ्चालन ऐन जारी गर्ने क्रममा होस् वा स्थानीय तह सञ्चालन सम्बन्धी नमूना ऐन, नियम, कार्यविधि तयार गरेर होस् वा क्षमता विकासको विभिन्न कार्यक्रम सञ्चालन गरेर होस् लागि परिरहेको कुरा सबै सामु छर्लङ्गै छ।

क्षमता विकास लगायत विभिन्न कार्यक्रमको सिलसिलामा देशका विभिन्न स्थानीय तहहरूको स्थलगत अध्ययन, स्थानीय तहहरूको सेवा सञ्चालन व्यवस्थापनको अवस्था सम्बन्धमा विभिन्न पत्रपत्रिका लगायत मिडियमा आएका विषयहरू तथा कतिपय स्थानीय तहका प्रमुख एवं पदाधिकारीहरूले समय समयमा दिएको जानकारी, गरेको गुनासो र सुझाव समेतलाई दृष्टिगत गरी मन्त्रालयले सहजीकरण तथा अनुगमन गर्न टोलीहरू गठन गरेको छ। सह सचिवको नेतृत्वमा रहने त्यस्तो टोलीले स्थलगत रूपमा आवश्यक समन्वय एवं सहजीकरण गरेर तत्काल संवोधन गर्न सकिने अप्ठ्याराहरू समाधान गरी स्थानीय तहको सेवा प्रवाहमा सहजता ल्याउन र सुशासन कायम गरी जन अपेक्षा पुरा गराउन मद्दत पुर्‍याउने छ। सोका लागि मन्त्रालयका सबै महाशाखा प्रमुखहरूलाई एउटा एउटा प्रदेशको सहजीकरण तथा अनुगमन गर्ने कार्यको संयोजन गर्ने गरी तोकिएको छ। जस अनुसार प्रदेश नम्बर १ मा सह-सचिव श्री आनन्दराज ढकाल, प्रदेश नम्बर २ मा सह-सचिव श्री सुरेश अधिकारी, प्रदेश नम्बर ३ मा सह-सचिव, डा. हरि पौडेल, प्रदेश नम्बर ४ मा सह-सचिव (प्रा.) श्री रामकृष्ण सापकोटा, प्रदेश नम्बर ५ मा सह-सचिव श्री पुरूषोत्तम नेपाल, प्रदेश नम्बर ६ मा सह-सचिव श्री बेद बहादुर कार्की र प्रदेश नम्बर ७ मा सह-सचिव श्री रूद्र सिंह तामाङ तोकिनुभएको छ भने जिल्ला जिल्लाको लागि उपसचिवको नेतृत्वमा टोली गठन गरिएको छ।

सहजीकरण तथा अनुगमन टोलीले कर्मचारी समायोजन विषयगत कार्यालयको सम्पत्ति हस्तान्तरण, वडा कार्यालय सञ्चालन एवं व्यवस्थापन एवं स्थानीय तहबाट सेवा प्रवाहको अवस्थामा सुधार ल्याउन आवश्यक समन्वय तथा सहजीकरण समेत गर्नेछन्। साथै स्थलगत रूपमा महसुस गरिएका स्थानीय तह सञ्चालन सम्बन्धी जटिलता र अप्ठ्याराहरू पहिचान गरि तत्काल स्थलगत रूपमै सम्बोधन गर्न सकिने विषय त्यही सम्बोधन गर्ने र नीतिगत रूपमा संवोधन हुनुपर्ने विषयमा आफ्नो स्पष्ट सुझाव सहित मन्त्रालयमा सिफारिस गर्नेछन्। साविकको स्थानीय निकायको नाममा रहेको चल अचल सम्पत्ति र त्यसको सम्बन्धित स्थानीय तहमा हस्तान्तरणको अवस्था, २०७३ साल फागुनमा स्थानीय तहहरू घोषणा भएपछि तत्काल सेवा सुचारू गर्न उपलब्ध गराइएको रकमको उपयोगको अवस्था र विवरण समेत अध्ययन गरि प्रतिवेदन दिनेछन्।

मन्त्रालयको उक्त कदमबाट स्थानीय तहको सेवा प्रवाहमा सहजता ल्याउन मद्दत पुग्ने, विकास निर्माणका कार्यले गति लिने तथा कतिपय अस्पष्टताहरू स्पष्ट भै स्थानीय तहको सञ्चालन एवं व्यवस्थापन सुचारू हुन मद्दत पुग्ने अपेक्षा गरिएको छ।

(रुद्र सिंह तामाङ)
प्रवक्ता,सह-सचिव



Scanned by CamScanner